समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

| | | | |
|---|---|---|---|
| बैठक मितिः | २०८१/०२/२० | | बैठक संख्याः ४२ |
| बैठक प्रारम्भ समयः | दिनको ११:०० बजे | बैठक समापन समयः | बजे |

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाको सोह्रौ नगरसभाको कार्यतालिका पेश भएबमोजिम अनुसूची १ अनुसार स्वीकृत गर्ने ।

२. आगामी आ. व. २०८१/८२ मा प्रदेश समपूरक योजना अन्तर्गत सञ्चालन हुने गरी देहायबमोजिम ५ (पाँच) वटा योजनाहरु माग गर्ने ।

**देहायः**

क. अन्डरग्राउण्ड पार्किङ निर्माण, खाँदबारी नगरपालिका वडा नं. १

ख. ढोलबाजे पार्क निर्माण, खाँदबारी नगरपालिका वडा नं. १ र ८

ग. खाँदबारी रङगशाला निर्माण, खाँदबारी नगरपालिका वडा नं. ७

घ. पिपलबोटधारा - माझगाउँ - ढुङ्गानागाउँ - चिसापानी सडक स्तरोन्नती, खाँदबारी नगरपालिका वडा नं. ३

ङ. लिलिवर - अरुणथान मोटरबाटो ढलान, खाँदबारी नगरपालिका वडा नं. ४

३. आ. व. २०८०/८१ मा योजना तथा कार्यक्रम सम्झौता भई कार्यसञ्चालन भईरहेका तर विभिन्न कारणले सम्झौता अवधिभित्रमा कार्यसम्पन्न हुन नसकेका योजनाहरुको म्याद थप सम्बन्धमा निर्णयसहित म्याद थपको लागि निवेदन पेश भएका योजनाहरुको हकमा म्याद समाप्त भएको मितिबाट २०८१ असार १५ सम्म म्याद थप गर्ने तथा प्राविधिक कर्मचारीहरुको कार्यव्यस्तताले लागत अनुमान तयार गर्न नभ्याएर योजना सम्झौता हुन नपाएको योजनाहरुको हकमा लागत अनुमान तयार गरी मिति २०८१ जेठ २८ गतेसम्म योजना सम्झौता गर्ने अवधि कायम गर्ने ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

[illegible]

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०२/२० बैठक संख्याः ४२

बैठक प्रारम्भ समयः दिनको ११:०० बजे बैठक समापन समयः बजे

### अनुसूची १

**सोह्रौ नगरसभाको लागि कार्यतालिका, २०८१**

| सि.नं. | प्रस्तावित मिति | कार्यविवरण | जिम्मेवारी |
|---|---|---|---|
| १ | २०८१/०२/२४ सम्म | आगामी आ.ब. को राजस्वको अनुमानित विवरण पेश गर्ने | राजस्व परामर्श समिति/आर्थिक प्रशासन र राजस्व |
| २ | २०८१/०२/२५ सम्म | आगामी आ.ब. को लागि विभिन्न श्रोतबाट नगरपालिकालाई प्राप्त हुने कूल बार्षिक आम्दानीको विवरण पेश गर्ने | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| ३ | २०८१/०२/२६ सम्म | सरोकारवालाहरुबीच बृहत छलफल आयोजना गरी आगामी आ.ब. को कार्यक्रम र बजेटको बारेमा सुझाब प्राप्त गर्ने | प्रशासन तथा योजना शाखा |
| ४ | २०८१/०२/२८ सम्म | वडागत तथा विषयगत बजेट सिलिङ निर्धारण गर्नको लागि कार्यपालिका बैठक आमन्त्रण गर्ने | प्रमुख प्रशासकीय अधिकृत |
| ५ | २०८१/०३/०३ सम्म | सम्पूर्ण वडा तथा विषयगत समितिबाट बजेट सिलिङका आधारमा आयोजना तथा कार्यक्रम र आगामी आ.ब. को लागि प्रस्तावित नीति तथा कार्यक्रम कार्यपालिका कार्यालय समक्ष पेश गरी सक्ने | वडा समिति/विषयगत समिति/विषयगत शाखा प्रमुखहरु |
| ६ | २०८१/०३/०६ सम्म | वडा तथा विषयगत समितिबाट प्राप्त भएका आयोजना तथा कार्यक्रम र नीति तथा कार्यक्रमलाई एकीकृत रुप दिने | प्रशासन तथा योजना शाखा |
| ७ | २०८१/०३/०७ सम्म | एकीकृत आयोजना तथा कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पारित गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति/प्रशासन तथा योजना शाखा |
| ८ | २०८१/०३/०८ सम्म | बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त बजेट तथा कार्यक्रम र आगामी आ.ब. को लागि नीति तथा कार्यक्रमलाई नगर कार्यपालिकाको बैठकबाट पारित गर्ने | नगर कार्यपालिका |
| ९ | २०८१/०३/१० | नगरसभाको बैठकमा आगामी आर्थिक बर्षका लागि अबलम्बन गरिने नीति तथा कार्यक्रम र अनुमानित बार्षिक आय व्ययको बिवरण (बजेट) पेश गर्ने | नगर प्रमुख/नगर उपप्रमुख मार्फत नगरसभा |
| १० | २०८१/०३/२१ सम्म | नगरसभामा पेश भएको आगामी आर्थिक बर्षका लागि अबलम्बन गरिने नीति तथा कार्यक्रम र अनुमानित बार्षिक आय व्ययको बिवरण (बजेट) पारित गर्ने | नगरसभा |

निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७५, नियम ३ ... निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत